पोषण तथा खाद्य सुरक्षा
नेपाल

# पोषणमैत्री स्थानीय शासन (Nutrition Friendly Local Governance-NFLG) अन्तरगत

# पोषणमैत्री स्थानीय तह र वडा घोषणा कार्यविधि, २०८१

## कनकासुन्दरी गाँउकार्यपालिकाको कार्यालय

विराट, सिंजा, जुम्ला

कर्णाली प्रदेश, नेपाल

स्वस्थ, सुखी र समृद्ध परिवार, हाम्रो सरोकार

प्रभावकारी बहुक्षेत्रीय पोषण सेवा, जनताको अधिकार

# विषय सूची

## Contents

प्रस्तावनाः ........ 3

परिच्छेद :१........ 3

१. प्रारम्भिक ........ 3

१.१. संक्षिप्त नाम र प्रारम्भः........ 3

१.२. परिभाषाः........ 3

परिच्छेद : ........ 4

२.१पृष्ठभूमि ........ 4

२.२कार्यविधिको आवश्यक्ता र औचित्य ........ 5

२.३ कार्यबिधिको प्रयोग र प्रयोगकर्ताहरू ........ 5

परिच्छेद :३........ 6

३.१ विषयगत क्षेत्र र सूचकहरु ........ 6

३.२ मुल्याङ्कनका सूचकहरु........ 6

३.३ क्षेत्रगत सूचक निर्धारण र विश्लेषण खाका ........ 7

परिच्छेद :४ ........ 7

४.१पोषणमैत्री स्थानीय शासन कार्यान्वयनका लागि अवलम्बनका गर्नुपर्ने रणनीतिहरु........ 7

४.२ पोषणमैत्री स्थानीय शासन वडा घोषणाकोप्रक्रिया........ 7

४.३पोषणमैत्री स्थानीय शासन घोषणाका चरण........ 9

४.४ पोषण मैत्री स्थानीय शासन घोषणाका आबश्यक दस्ताबेजहरू ........ 9

परिच्छेद :५........ 10

५.१ संस्थागत व्यवस्थाः........ 10

५.२ पोषण मैत्री स्थानीय शासन घोषणका लागि बिभिन्न तहहरुको भूमिका र जिम्मेवारीहरु........ 12

परिच्छेद :६ ........ 14

६.१ सूचक हासिल र घोषणाः ........ 14

६.२ विविध........ 14

६.२.१ कार्यविधिको संशोधनः ..... 14
६.२.२ बाधा अड्काउ फुकाउन सक्ने: ..... 14
६.२.३ स्पष्टीकरण तथा बचाउ: ..... 14
६.२.४ पुरस्कार तथा सम्मान: ..... 14
६.२.४ अनुसूचीहरुको प्रयोग: ..... 15
७. अनुसूचीहरूः ..... 15
अनुसूची १ ..... 15
(दफा ७, ८ र १५ संग सम्बन्धित) ..... 15
अनुसूची २ :(दफा ७, ८ र १५ संग सम्बन्धित) ..... 20
अनुसूची ३ ..... 22
(दफा ८ र ११(बाह्रौ) संग सम्बन्धित) ..... 22
अनुसूची ४ ..... 23
(दफा ८ र ११(बाह्रौ) संग सम्बन्धित) ..... 23
अनुसूची ५ ..... 24
(दफा १० (बुदा ३) संग सम्बन्धित) ..... 24
अनुसूची ६ ..... 25
(दफा १५ संग सम्बन्धित) ..... 25
अनुसूची ७ ..... 26
(दफा १२ (२) संग सम्बन्धित) ..... 26
अनुसूची ८ ..... 27
पोषणमैत्री स्थानीय शासनको बारेमा जानकारी ..... 27
अनुसूची ९: पोषण सम्बन्धी पोखरा प्रतिबद्धता २०७३ ..... 29

# कनकासुन्दरी गाँउपालिका विराट, सिजा, जुम्ला

## पोषणमैत्री स्थानीय शासन (Nutrition Friendly Local Governance-NFLG) अन्तर्गत पोषणमैत्री स्थानीय तह र वडा घोषणा कार्यविधि, २०८१

प्रस्तावनाः

मातृ तथा बाल मृत्यु दर घटाउनु का साथै वालवालिकाको उच्चतम मानसिक विकास गरी देशको मानव पूँजी निर्माण गरी समग्र गरी सवै प्रकारका कुपोषण अन्य गर्न बहुक्षेत्रीय अवधारणा लागू गर्नुपर्ने विश्वव्यापी मान्यतालाई स्वीकार गरी मातृ तथा बाल्यकालीन पोषणको अवस्थामा सुधार ल्याउने मुख्य उद्देश्यले नेपाल सरकारबाट २०६९ जेठ ३२ मा स्वीकृत बहुक्षेत्रीय पोषण योजना पहिलो र दोस्रो क्रमिक रूपमा कार्यान्वयन गरिदै आएकोमा नेपालको संघीय संबिधान जारी भई संघ, प्रदेश तथा स्थानीय तह गरी तीन तहको राज्यको संरचना रहने व्यवस्था भएकाले सोही बमोजिम स्थानीय सरकार सन्चालन ऐन २०७४ जारी मै कार्यान्वयनमा आएको सन्र्दभमा नेपालको संबिधान र स्थानीय सरकार सन्चालन ऐन २०७४ ले दिएको अधिकार क्षेत्र भित्र रही  हालै नेपाल सरकारले स्वीकृत गरेको बहुक्षेत्रीय पोषण योजना तेस्रो र संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८० चैत्र १२ गतेको मन्त्रीस्तरीय निर्णयबाट पोषणमैत्री स्थानीय तह कार्यान्वयन निर्देशिका २०७८ परिमार्जित पोषणमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०८० को मातहत रही सो यस कनकासुन्दरी गाँउपालिकामा पोषणमैत्री अभियान सञ्चालन गर्न कार्यविधिको स्थानीयकरण गरी थप स्पटीकरण सहित पोषणमैत्री अभियान कार्यान्वयनमा सहजता ल्याउन र तोकिएकै समय भित्र पोषणमैत्री वडा र स्थानीय तह घोषणा गर्न र सोको दिगोपना कायम गर्न वाञ्छनीय भएकोले कनकासुन्दरी गाउँपालिकाले यो पोषणमैत्री स्थानीय शासन अबलम्बनका लागि पोषण मैत्री स्थानीय तह र वार्ड घोषणा कार्यबिधि २०८१ जारी गरि लागु गरिएको छ ।

परिच्छेद :१

१. प्रारम्भिक

१.१. संक्षिप्त नाम र प्रारम्भः

(क) यस कार्यविधिको नाम "पोषणमैत्री स्थानीय शासन अबलम्बनका लागि पोषण मैत्री स्थानीय तह र वार्ड घोषणा कार्यबिधि २०८१" रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

१.२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "स्थानीय तह" भन्नाले कनकासुन्दरी गाँउपालिका जुम्लालाई सम्झनु पर्दछ ।

(ख) "वडा" भन्नाले कनकासुन्दरी गाँउपालिका जुम्लाका सबै ८ वटा वडालाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले नेपालको संविधानको धारा २१५ बमोजिम गठन भएको कनकासुन्दरी गाँउपालिका जुम्लालाई सम्झनु पर्दछ ।

(घ) "अभियन्ता" भन्नाले कनकासुन्दरी गाँउपालिकाले अभियानका लागि पहिचान र परिचालन गरेका पोषणको विषयमा बहस, पैरवी गर्ने स्वयंसेवी व्यक्तिलाई सम्झनु पर्दछ ।

(घ) "जिल्ला समन्वय समिति" भन्नाले जुम्ला जिल्लाको जिल्ला समन्वय समितिलाई सम्झनु पर्दछ ।

(ङ) "पोषणमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०८०" भन्नाले संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८० चैत्र १२ गतेको मन्त्रीस्तरीय निर्णयबाट जारी कार्यविधिलाई सम्झनुपर्दछ ।

## परिच्छेद :

**पोषणमैत्र स्थानीय शासन कार्यविधिको आवश्यक्ता**

### २.१पृष्ठमूमि

नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा व्यक्त गरेका बिभिन्न समझदारी तथा प्रतिबद्धताहरू कार्यान्वयन गर्ने सन्र्दवमा वालवालिका, महिला तथा किशोरीहरूको पोषणको अवस्था सुधारको लागि गरेका सबै प्रतिबद्धताका साथै दिगो विकास लक्ष्य र विश्व स्वास्थ्य सङ्गठनले तोकेका स्वास्थ्य तथा पोषण सम्बन्धी लक्ष्य तथा सूचकहरू पुरा गर्न राज्य र राज्यका सबै निकाय र तहको दायित्व तथा जिम्मेवारी रहेको छ ।अन्तराष्ट्रिय रूपमा नै कुपोषणको समस्या निराकरण गर्ने कार्यलाई सामाजिक, आर्थिक तथा मानवीय विकासका साथै दिगो विकास लक्ष्य प्राप्त गर्ने आधारको रूपमा लिइएको छ। कुपोषणबाट सृजना हुने समस्याहरू गम्भीर, दूरगामी तथा अपुरणीय किसिमको हुने कुरा बिभिन्न अध्ययनले प्रष्ट पारेको छ । हामी सबैको प्रयत्नबाट मात्रै महिला, बालकालिका र किशोरीहरूमा हुने कुपोषणलाई उल्लेख्य रूपमा घटाउन सम्भव छ भन्ने कुरालाई मनन गर्दै यस कनकासुन्दरी गाउँपालिकाले बहुपक्षीय प्रयत्न, अभियान र कार्यक्रम सञ्चालन गरि रहेको छ ।पोषणको क्षेत्रमा भएका उपलब्धीहरूलाई दिगो बनाई थप प्रगति हासिल गर्न प्राप्त स्रोत साधनको व्यवस्था सहित सम्बद्ध सबै तह, विषयगत शाखा र बिभिन्न क्षेत्रहरूबाट थप प्रतिबद्धता सहित सहयोग, सहजिकरण र समन्वय आवश्यक छ।यसै सवाललाई मध्यनजर गर्दै कनकासुन्दरी गाउँपालिकाका नव निर्वाचित जन प्रतिनिधिहरूले बहुक्षेत्रीय पोषण योजनालाई पूर्ण रूपमा कार्यान्वयन गर्ने प्रतिवद्धता, यसको साथै पोषण सम्बन्धी पोखरा प्रतिबद्धता २०७३ र बहुक्षेत्रीय पोषण योजना तेस्रो नेपाल सरकारबाट स्वीकृत भई कार्यान्वयनमा रहेको र स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा ११ को खण्ड) झ (को स .नं .१२ बमोजिम महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण रोकथाम नियन्त्रण र व्यवस्थापन सम्बन्धी स्थानीय तहको

अधिकार अनुसार 'यो पोषण मैत्री स्थानीय तह र वाड घोषणा कार्यविधि २०८१ कार्यान्वयन ल्याइएको छ ।

## २.२कार्यविधिको आवश्यक्ता र औचित्य

पोषणमैत्री स्थानीय शासन अवलम्बनका लागि स्थानीय तह र वाड घोषणा कार्यविधि २०८१ "ले यस कनकासुन्दरी गाउँपालिकामा पोषणमैत्री अभियान सञ्चालन गर्न पोषणमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०८० मातहत रही सो यस **अभियानको** स्थानीयकरण गरी थप स्पष्टीकरण सहित अभियानको कार्यान्वयनमा सहजता ल्याउने र छनौट भएको स्वास्थ्य संस्था र वडाहरूलाई तोकिएकै समय भित्र पोषणमैत्री घोषणा गरी स्थानीय तह घोषणा उन्मुख बनाउदै वि.सं .२०८७ अगावै पोषणमैत्री पालिका घोषणा गरी सोको दिगोपना कायम गर्न स्पष्ट मार्गनिर्देश गर्नेछ । यसका साथै पोषणमैत्री अभियानको सवाललाई स्थानीय तहको नीति, योजना र बजेटमा मूलप्रवाहिकरणमा गरी आन्तरिकतर्फ गर्न, बहुक्षेत्रीय पोषण योजनाका साथै पोषणका विभिन्न कार्यक्रमहरू कार्यान्वयन गरी पोषणमैत्री स्थानीय शासन अवलम्बनका लागि यस कनकासुन्दरी गाउँपालिकाले छनौट गरेका वाडहरूले आफूलाई पोषण मैत्री वाड घोषणा गर्न आवश्यक प्रक्रिया र सूचनाका बारेमा जानकारी लिने दिने, पोषण मैत्री स्थानीय शासन वाड घोषणाको लागि गाउँपालिका, सम्बन्धित वाड र सरोकारवालाहरूले गर्ने अनुगमन, जिम्मेवारी तथा भूमिकाबारेमा जानकारी दिने, पोषणमैत्री स्थानीय शासन वाड घोषणाका लागि आवश्यक फारमहरू र दस्ताबेजहरू बारे जानकारी गराउने र पोषणमैत्री स्थानीय शासन अवलम्बन अन्तर्गत पोषणमैत्री वाड घोषणालाई सहज बनाउन आवश्यक सहजीकरण तथा सहयोग पुर्याउनेछ ।

## २.३ कार्यबिधिको प्रयोग र प्रयोगकर्ताहरू

यो" पोषणमैत्री स्थानीय शासन अवलम्बनका लागि स्थानीय तह र वाड घोषणा कार्यविधि २०८१ " लाई कनकासुन्दरी गाउँपालिकाले पोषण मैत्री स्वास्थ्य संस्था, पोषणमैत्री वडा घोषणा र पोषणमैत्री स्थानीय तह घोषणाका लागि प्रयोग गरिनेछ । यस कार्यविधिको अधीनमा रही कनकासुन्दरी गाउँपालिकाले पोषण मैत्री स्थानीय शासन वाड घोषणाका अभियानहरू कार्यान्वयन गर्नेछ ।'पोषणमैत्री स्थानीय शासन अवलम्बनका लागि स्थानीय तह र वाड घोषणा कार्यविधि २०८१'को मुख्य प्रयोगकर्ता कनकासुन्दरी गाउँपालिका र यसका सबै वाड कार्यालयहरू, विषयगत शाखाहरू, बहुक्षेत्रीय पोषण योजना अन्तर्गत सञ्चालित बिभिन्न कार्यक्रमहरू, कनकासुन्दरी गाउँपालिकालाई कार्यक्षेत्र बनाई काम गर्ने विकास साझेदारहरू र सम्बन्धित सरोकारवालाहरू हुनेछन । सम्बन्धित सबै पक्षले उपलब्ध सूचनाको माध्यमबाट पोषण मैत्री स्थानीय शासन अवलम्बन र वाड घोषणाका प्रक्रिया, प्रतिफल र नतिजाहरूको व्याख्या र विश्लेषण गर्न सक्नेछन् ।

## परिच्छेद :३

### पोषणमैत्र स्थानीय शासनका विषयक्षेत्र र सूचकहरु

### ३.१ विषयगत क्षेत्र र सूचकहरु

'पोषण मैत्री स्थानीय शासन अवलम्बनका लागि स्थानीय तह र वाड घोषणा कार्यविधि २०८१' को कार्यान्वयनका लागि विषयगत क्षेत्र देहाय बमोजिम हुनेछन:

१ .स्वास्थ्य

२ .शिक्षा

३ .महिला तथा बालबालिका

४ .कृषि विकास

५ .पशुपन्छी

६ .खानेपानी तथा सरसफाइ

७ .शासकीय प्रबन्ध

### ३.२ मुल्याङ्कनका सूचकहरु

सङ्घीय सरकारको पोषणमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०८० मा उल्लेख भएका सूचक जम्मा ३४ सहित यस कार्यविधिको दफा अनुसारका विषयगत क्षेत्र अन्तर्गतका सूचकहरू अनुसूची बमोजिम मूल्याङ्कनका सूचकहरू रहने छन ।सङ्घीय सरकारले जारी गरेको कार्यविधि २०८० मा उल्लेख भएका सूचकहरूमा साथै स्थानीय परिवेशका आधारमा विभिन्न विषयगत क्षेत्रमा ३१ वटा सूचकहरू थप गरी सूचक हरूको स्थानीय करण गरिएको छ । यसरी स्थानीय करण थप गरिएका क्षेत्रगत सूचक हरूको सङ्ख्या निम्नानुसार रहेका छन।

| क्र. सं. | विषयगत क्षेत्र | सूचकहरुको संख्या |
|---|---|---|
| १ | स्वास्थ्य | ७ |
| २ | शिक्षा | ५ |
| ३ | महिला तथा बालबालिका | २ |
| ४ | खानेपानी तथा सरसफाई | ६ |
| ५ | पशु सेवा | १ |
| ६ | कृषि विकास | २ |
| ७ | शासकीय प्रबन्ध | ८ |
| जम्मा | | ३१ |

### ३.३ क्षेत्रगत सूचक निर्धारण र विश्लेषण खाका

| क्र.सं. | सुचकहरु | अपेक्षित जनसंख्या | हालको अवस्था | न्यूनतम लक्ष्य | पुष्ट्याईका आधारहरू | क्षेत्रगत जिम्मेबारी |
|---|---|---|---|---|---|---|
| १ | विषयगत क्षेत्र | | | | | |
| १.१ | | | | | | |
| १.२ | | | | | | |

## परिच्छेद :४

**पोषणमैत्र स्थानीय शासनको कार्यान्वयन**

### ४.१ पोषणमैत्री स्थानीय शासन कार्यान्वयनका लागि अवलम्बनका गर्नुपर्ने रणनीतिहरु

(क)अवस्था विश्लेषण र सशक्तीकरण

(ख) आन्तरी किरण

(ग) प्रचार प्रसार

(घ) क्षमता विकास

(ङ )लक्षित कार्यक्रम तथा अभियान सञ्चालन

(च) समन्वय तथा सहकार्य

(छ)अनुगमन तथा मल्याङ्कन

(ज) स्रोतको सुनिश्चिता र दिगोपना

### ४.२पोषणमैत्री स्थानीय शासन वडा घोषणाको प्रक्रिया

- पालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशकको बैठक, कार्य पालिकाको निर्णय हुँदै गाउँ सभाबाट पोषणमैत्री स्थानीय शासन अवलम्बन गर्ने निर्णय ।
- पोषण सुधारको लागि सामूहिक प्रतिबद्धता र तहगत समितिहरूको निर्णय।
- पोषण संवेदनशिल र पोषण लक्षित क्रियाकलाप सहित घोषणाको कार्य योजना बनाई यसको कार्यान्वयन ।
- बहुक्षेत्रीय पोषण योजना र पोषण मैत्री स्थानीय शासन अवधारणा सम्बन्धी बिभिन्न तहमा सम्बन्धित सरोकारवाला र लक्षित बर्ग लाई अभिभुखिकरण।
- क्षेत्रगत सूचकहरू निर्धारण गर्ने र सो बारे गाउँ तथा वाड तहमा छलफल ।
- पोषण मैत्री स्थानीय शासन वाड र पालिका घोषणा कार्यान्वयनका लागि दफा ११ बमोजिमका चरणगत तथा तहगत खुड्किला तय गरी पुरा गर्ने ।
- वाड स्तरीय पोषण तथा खाद्य सुरक्षा सहजीकरण समितिबाट निर्णय भई घोषणाका लागि कार्यपालिकामा पेश गर्ने ।

- गाउँपालिका र वाड स्तरीय पोषण प्रोफाइल तयार तथा अद्यावधि गर्ने ।
- पोषणमैत्री स्थानीय शासन वाड र पालिका घोषणा कार्यान्वयनका लागि आधार सर्वेक्षण गरेको आधारमा यसका लागि न्यूनतम लक्ष्य तय गर्ने ।
- सो सूचकहरू सम्बन्धित विषयगत शाखाबाट प्रमाणिकरण गर्ने ।
- सम्बन्धित गाउँपालिका तथा गाउँपालिका र वाडले पोषण सुधारको लागि रणनीति योजना बनाई कार्यान्वयन गर्ने ।
- पोषण सुधारको लागि वाड स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति र गाउँपालिका तथा पालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति अर्न्तगत घोषणा उप समिति गठन र सोको अभिमुखीकरण गर्ने ।
- पोषण सुघारको अवस्थाबारे सरोकारवालाहरूबाट अभियान कार्यान्वयनको अवस्थाबारे अनुगमन भएको र प्रमाणिकरण भएको सूचकहरूको आधारमा प्रतिवेदन तयार भई सो अनुसारका कुरा पूरा गर्ने ।
- पोषण मैत्री स्थानीय शासन वाड र पालिका घोषणाका लागि आवश्यक कार्य पुरा भए नभएको स्थलगत अनुगमन गरी सहमति प्रदान गरिदिन सम्बन्धित माथिल्लो निकाय )जि.स.स तथा सम्बन्धित प्रदेश तथा सङ्घीय मन्त्रालय (लाई प्रतिवेदन सहित अनुरोध गर्ने ।
- सम्बन्धित माथिल्लो निकाय) सङ्घ र प्रदेश तथा सम्बन्धित मन्त्रालय (बाट स्थलगत अनुगमन गरी आवश्यक सुझाब दिने ।
- सामाजिक जवाफदेहिता बमोजिम सम्पन्न कार्यहरूको सामाजिक लेखापरीक्षण गरेको र गुनासो सुनाई समिति गठन गर्ने ।
- वाड तथा पालिकामा पोषण डेस्क, पोषण कर्नर र स्तनपान कक्षको व्यवस्था गर्ने ।
- सम्बन्धित माथिल्लो निकाय) सङ्घ र प्रदेश तथा सम्बन्धित मन्त्रालय र जिसस (बाट स्थलगत अनुगमन दिएको सुझाबको कार्यान्वयन गर्ने ।
- सम्बन्धित माथिल्लो निकायले दिएको सुझाबको कार्यान्वयन पश्चात अन्तिम प्रतिवेदन तयार गर्ने |
- निश्चित कार्य योजना सहित गाउँ तथा वडा समाबाट पोषण मैत्री स्थानीय शासन वाड घोषणा गर्ने निर्णय गर्ने ।
- घोषणा उन्मुख पालिकाले पोषणको स्थिति पत्र र पोषण आचार संहिता प्रकाशन गरी कार्यान्वयन गरेको ।
- पोषण मैत्री स्थानीय शासन घोषणाको लागि शुरु देखि अन्तिम सम्म भए गरेका कार्यहरूको रेर्कड गरि दस्तावेजीकरण गर्ने ।

## ४.३ पोषणमैत्री स्थानीय शासन घोषणाका चरण

| चरण तथा तह | क्रियाकलापहरु |
|---|---|
| पहिलो | बहुक्षेत्रीपोषण योजना सम्बन्धी अभिमुखिकरण र सामुहिक प्रतिबद्धता । |
| दोस्रो | वडा तथा पालिका स्तरमा पोषण तथा खाद्य सुरक्षा निर्देशक तथा सहजीकरण समितिको गठन |
| तेस्रो | शाखागत र पालिका स्तरमा पोषण सर्म्पक व्यक्ति, डेस्क स्थापना । |
| चौथो | निश्चित सूचक तथा मापदण्डका आधारमा गाँउ तथा वडा छनौट |
| पाचौ | पोषणको बस्तुगत बिवरण संकलन, तयारी, बिश्लेषण र प्रकाशन । |
| छैठौ | सरोकालवालाको पहिचान, समन्वय, सन्जाल निर्माण र परिचालन । |
| सातौ | बहुक्षेत्रीय पोषण योजनाको बार्षिक योजना तर्जुम, लगानीको सुनिश्चितता र योजना कार्यान्वयन र बिषेश अभियान सन्चालन । |
| आठौं | पोषण मैत्री स्थानीय शासन अबलम्बनका लागि पोषणमैत्री स्थानीय तह घोषणा कार्यबिधि निमार्ण |
| नवौ | पोषणको स्थिति पत्र प्रकाशन र सार्वजनिकीकरण । |
| दशौ | अनुगमन, समीक्षा र मुल्याकन । |
| एघारौं | गाउँ कार्यपालिकाबाट पोषणको क्षेत्रमा लगानी गर्ने प्रतिबद्धतासहितको निर्णय |
| बाह्रौ | स्थानीय शासनको न्यूनतम सेवा सुचकहरूको विश्लेषण र प्रमाणिकरण । |
| तेह्रौ | पोषण मैत्री गाउ, वार्ड र पालिका घोषणा तथा यस्को निरन्तरता एवं दिगोपना |

## ४.४ पोषण मैत्री स्थानीय शासन घोषणाका आबश्यक दस्ताबेजहरू

१. पोषणको बस्तुगत बिवरण
२. पोषणमैत्री आचारसंहिता
३. पोषणको स्थिति पत्र
४. सूचक प्राप्ति र उपलब्धी सहितको प्रतिबेदन
५. विषयगत शाखाहरुले गरेको सुचक प्रमाणिकरण विवरण
६. गाउँपालिका, जिसस र प्रदेश समितिको स्थलगत अनुगमनको प्रतिबेदन
७. बहुक्षेत्रीय पोषण योजनाको बार्षिक योजना
८. बिभिन्न प्रतिबद्धताहरू, कार्यबिधि, बैठक निर्णय, नितिहरू
९. पोषणमैत्री स्थानीय शासन घोषणाका लागि गरिएका पत्रचारहरू, पम्पलेट, ब्रोसरहरू
१०. पोषणमैत्री स्थानीय शासन पश्चात दिगोपाना र निरन्तरताको लागि रणनीतिक योजना

## परिच्छेद :५

### संस्थागत व्यवस्था र तहगत जिम्मेवारी

### ५.१ संस्थागत व्यवस्थाः

पोषणमैत्री स्थानीय शासन कार्यान्वयन गर्नको लागि बहुक्षेत्रीय पोषण योजना तेस्रो अन्तरगत गठन भएको देहायका समितिले पोषणमैत्री स्थानीय शासन अन्तरगत अवस्था विश्लेषण सहित कार्य योजना निर्माण र स्वीकृत गर्ने, स्रोतको सुनिश्चतता, विभिन्नि निकायहरुको परिचालन, समन्वय र सम्पर्क, विभिन्न अभियानहरु सञ्चालन, अनुगमन तथा समिक्षा र  घोषणाको लागि सिफारिस सहित आवश्यक प्रबन्ध गर्नेछ ।

**(क) पालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति**

कनकासुदरी गाउँपालिकामा पोषणमैत्री स्थानीय शासन कार्यान्वयन गरी अभियान सञ्चालन गर्न बहुक्षेत्रीय पोषण योजना तेस्रोले व्यवस्था गरे बमोजिम कनकासुन्दरी गाउँपालिका का स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको रहनेछ । उक्त समितिको संरचना र सो समितिमा तपसिलको पदाधिकारी हुनेछनः

| पद | पदाधिकारी |
|---|---|
| अध्यक्ष | अध्यक्ष कनकासुन्दरी गाँउपालिका, जुम्ला |
| उपाध्यक्ष | उपाध्यक्ष कनकासुन्दरी गाँउपालिका, जुम्ला |
| सदस्य | कनकासुन्दरी गाँउपालिका, जुम्लाका सबै वडाका वडाअध्यक्षहरु |
| सदस्य | कनकासुन्दरी गाँउपालिका, जुम्लाका कार्यापालिकाका महिला सदस्य मध्ये अध्यक्षले तोकेको एक जना महिला प्रतिनिधि |
| सदस्य | कनकासुन्दरी गाँउपालिका, जुम्लाका कार्यापालिकाका दलित महिला सदस्य मध्ये अध्यक्षले तोकेको एक जना दलित महिला प्रतिनिधि |
| सदस्य | सामाजिक विकास क्षेत्र हेर्ने कार्यपालिकाको सदस्य तथा बहुक्षेत्रीय पोषण योजनाको संयोजक एक जना । |
| सदस्य | कनकासुन्दरी गाँउपालिका, जुम्लाका सबै विषयगत शाखा (शिक्षा,  स्वास्थ्य महिला बालबालिका,  खानेपानी तथा सरसफाई, कृषि,  पशु,  सामाजीक विकास, स्थानीय सुशासन  र योजना) प्रमुखहरु सबै। |
| सदस्य | कनकासुन्दरी गाँउपालिका स्तरीय उद्योग वाणिज्य संघ वा वजार व्यवस्थापन समिति प्रमुख वा प्रतिनिधि एक जना |
| सदस्य | गाँउपालिका स्तरीय बाल क्लब वा किशोरी समुहको प्रमुख वा प्रतिनिधि एक जना । |
| सदस्य | कनकासुन्दरी गाँउपालिका स्तरीय गैह्र सरकारी संस्था महासंघ प्रमुख वा प्रतिनिधि एक जना । |

| | |
|---|---|
| सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत, कनकासुन्दरी गाँउपालिका, जुम्ला । |

यस समितिले आवश्यकता अनुसार पोषण तथा खाद्य सुरक्षाको क्षेत्रमा काम गर्ने विकास साझेदार तथा स्थानीय सामुदायिक संस्थाका प्रतिनिधि, नीजि क्षेत्र, सहकारी र स्वास्थ्य तथा पोषण र खाद्य सुरक्षा विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

**(ख) वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा सहजीकरण समिति**

कनकासुदरी गाँउपालिका अन्तरगत प्रत्येक वडा स्तरमा स्थानीय पोषणमैत्रीय शासन कार्यान्वयन गरी अभियान सञ्चालन गर्न र सो को अनुगमन र प्रतिवेदन गर्न कनकासुन्दरी गाँउपालिकाका सबै वडामा वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा सहजीकरण समिति रहनेछ । उक्त समितिको संरचना निम्न अनुसार हुनेछः

| पद | पदाधिकारी |
|---|---|
| अध्यक्ष | सम्बन्धित वडाको वडाअध्यक्ष कनकासुन्दरी गाँउपालिका, जुम्ला |
| सदस्य | सम्बन्धीत वडाको महिला सदस्य कनकासुन्दरी गाँउपालिका, जुम्ला |
| सदस्य | सम्बन्धीत वडाको दलित महिला सदस्य कनकासुन्दरी गाँउपालिका, जुम्ला |
| सदस्य | प्रमुख, वडामा भएको स्वास्थ्य संस्था, कृषि, पशु, सामाजीक विकास, स्थानीय सुशासन र योजना ईकाइ प्रमुखहरु सबै (यदि भएमा)। |
| सदस्य | वडा भित्र भएका विध्यालयका प्रध्यानाध्यापक/नर्स/महिला शिक्षिकाहरु मध्ये १/१ जना (समितिले मनोनयन गर्ने) |
| सदस्य | वडा तहमा कार्यरत गैह्र सरकारी संस्था, सामुदायिक संस्था, सहकारी तथा समुह प्रतिनिधि १/१ जना । |
| सदस्य | वडामा कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्ये समितिले मनोनयन गरेको १ जना प्रतिनिधि |
| सदस्य सचिव | सम्बन्धित वडाको वडा सचिब, कनकासुन्दरी गाँउपालिका, जुम्ला । |

यस समितिले आवश्यकता अनुसार विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य संस्था व्यवस्थापन समिति, खानेपानी सरसफाई व्यवस्थापन समिति तथा समिति उपभोक्ता समिति, टोल विकास संस्था, बाल क्लब, महिला सहकारी तथा समुह, र अन्य पोषण अभियन्ता तथा सरोकारवाला प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ ।

यसका अतिरिक्त गाउँपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिले गाउँपालिका स्तरीय र वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा सहजिकरण समितिले वडा स्तरमा पोषणमैत्री स्थानीय शासन अभियान सञ्चालन उपसमिति गठन गरेर कार्य गर्न सकिनेछ । सो तयारी उपसमितिमा सबै सरोकारवाला र लक्षित वर्गहरूको प्रतिनिधित्व रहनेछ ।

## ५.२ पोषण मैत्री स्थानीय शासन घोषणका लागि बिभिन्न तहहरुको भूमिका र जिम्मेवारीहरु

**क. वडा समिति तथा कार्यालयको भूमिका तथा जिम्मेवारी**

- हरेक सूचकका आधारमा सुरुको अवस्था र अन्तिम अवस्थाको सूचना तुलनात्मक रूपमा राख्ने।
- बिभिन्न समिति, उपसमिति कार्य टोली बनाई कामको जिम्मेवारी बाँडफाँड गर्ने ।
- वाड स्तरीय पोषण डेस्क, पोषण कर्नर स्थापना गर्ने ।
- बिभिन्न गतिविधिका चित्र, फ्लेक्स र सफलताका कथा तयार गर्ने ।
- पोषण सम्बन्धी वालपेन्टिङ र होडिङ बोर्डहरू राख्ने ।
- पोषण मैत्री अभियानका बारेमा सबैलाई जानकारी गराउने, प्रचार प्रसार गर्ने ।
- बहुक्षेत्रीय पोषण योजना अर्न्तगतका क्रियाकलापहरू कार्यान्वयन गराउने ।
- पोषण मैत्री स्थानीय शासन सम्बन्धी वाडको प्रस्तुतीहरू तयार गर्ने ।
- पोषण मैत्री घोषणाको आवश्यक प्रतिबन्ध मिलाउने ।

**ख .गाउँपालिका स्तरीय समिति तथा कार्यालयको भूमिका तथा जिम्मेवारीः**

- **नीतिगत पैरवी :** पोषण मैत्री स्थानीय शासन पद्धतिलाई गाउँपालिकाको नीति, संरचना र कार्य प्रक्रियामा मूलप्रवाहिकरणमा गर्ने ।
- **योजना तर्जुमा :** योजना, बजेट, कार्यान्वयन, नक्साङ्कन, वाड र बस्ती छनौट ।
- **समन्वय तथा सहजीकरण :** सरकारी तथा गैसससँग सम्पर्क , परिचालन, बैठक, समिति गठन ।
- **अनुगमन तथा मल्याङ्कन नियमित बैठक :** संयुक्त अनुगमन, प्रगति समीक्षा, सूचना व्यवस्थापन, पृष्ठपोषण, अनुगमन र मल्याङ्कन ।
- **समीक्षा तथा विश्लेषण :** स्थिति पत्र प्रकाशन, नियमित क्रियाकलापहरूको कार्यान्वयन, प्रगति समीक्षा, पालिका स्तरीय बैठक, कम्जोर सूचक पुरा गर्न थप स्रोत परिचालन र वार्डलाई आवश्यक सहयोग र सहजिकरण ।

- **क्षमता विकास :** सबै विषयगत क्षेत्र र सरोकारवालाको क्षमता विकास, परिचालन, सञ्चालन गठन र संस्थागत विकास ।

**ग .जिल्ला समन्वय समिति तथा कार्यालयको भूमिका तथा जिम्मेवारीः**

- हरेक सूचकका आधारमा सुरुको अवस्था र अन्तिम अवस्थाको सूचना तुलनात्मक रूपमा विश्लेषण गरी आवश्यक सुझाब दिने ।
- स्थलगत अनुगमन तथा मूल्याङ्कन गर्ने ।
- आवश्यक सहजीकरण र सहयोग गर्ने ।
- पालिका, प्रदेश र सङ्घ बिच समन्वयको भूमिका निर्वाह गर्ने ।
- पोषण मैत्री स्थानीय शासन वडा घोषणाका लागि सिफारिस गर्ने ।
- पोषणको क्षेत्रमा काम गर्ने सङ्घ संस्थाहरूको परिचालनका लागि समन्वय गर्ने ।
- पोषण मैत्री स्थानीय शासन घोषणाका लागि प्राविधिक सहयोग उपलब्ध गराउने ।
- जिल्ला स्तरीय बैठकको आयोजना गर्ने र जिल्ला स्थित कार्यालयहरूको परिचालनका लागि समन्वय गर्ने ।

**घ. संघ तथा प्रदेशको भूमिका तथा जिम्मेवारी**

- पोषण मैत्री स्थानीय शासनको अवधारणा, रणनीति, निर्देशिकाहरूको विकास गर्ने ।
- बहुक्षेत्रीय पोषण योजना अर्न्तगतका क्रियाकलापहरूको कार्यान्वयनका लागि क्षेत्रगत बजेट बिनियोजन गर्ने ।
- बिभिन्न क्षमता विकासका कार्यहरू गर्ने ।
- सङ्घ तथा प्रदेश स्तरीय समितिहरूको गठन, पुनर्गठन र नियमित बैठक र परिचालन ।
- बिभिन्न दातृ निकाय, विषयगत मन्त्रालय, नागरिक समाज, पत्रकार, सांसद आदि निकायहरू सँग समन्वय गर्ने र स्रोतको सुनिश्चितता गर्ने ।
- पोषण मैत्री स्थानीय शासन घोषणाका लागि सिफारिस गर्ने ।
- अनुगण तथा मूल्याङ्कन गर्ने ।
- आवश्यक सहजीकरण र प्राविधिक सहयोग गर्ने ।

## परिच्छेद :६

**पोषणमैत्री स्थानीय तह र वडा घोषणा**

### ६.१ सूचक हासिल र घोषणाः

- पोषण मैत्री स्थानीय तह र वडा घोषणाका लागि अनुसूची १ र २ बमोजिमका सूचकहरू हासिल भएको हुनुपर्ने छ ।
- पोषण मैत्री स्थानीय तह घोषणाको लागि प्रदेशस्तरीय समिति र वडा घोषणाका लागि जिल्ला स्तरीय समितिबाट स्थलगत अनुगमन भई कार्यविधि अनुसार तोकिएका सबै सूचकहरू पुरा भए नभएको सिफारिस भएको हुनुपर्ने छ ।
- यस कार्यविधि अनुसार सबै वडालाई पोषण मैत्री वडा घोषणा गरिसकेपछि मात्र पोषण मैत्री गाउँपालिका घोषणा गर्नुपर्नेछ ।
- गाउँपालिकाको वडा पोषण मैत्री घोषणा भएको जानकारी जिल्ला समन्वय समिति र प्रदेश सरकारलाई दिनुपर्नेछ ।
- गाउँपालिका पोषण मैत्री घोषणा भएको जानकारी जिल्ला समन्वय समिति, प्रदेश सरकार र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई दिनुपर्नेछ ।

### ६.२ विविध

#### ६.२.१ कार्यविधिको संशोधनः

यस कार्यविधिमा कुनै संशोधन गर्नु परेमा यस गाउँपालिकाले आवश्यकता अनुसार आवश्यक प्रक्रिया पुरा गरी संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

#### ६.२.२ बाधा अड्काउ फुकाउन सक्नेः

यस कार्यविधिको कार्यान्वयनका सन्दर्भमा कुनै बाधा उत्पन्न भएमा पालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठकको सिफारिसमा कार्यपालिकाको बैठकले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

#### ६.२.३ स्पष्टीकरण तथा बचाउ :

यो कार्यविधि, यसका प्रावधानहरू र बुँदाहरू सङ्घ र प्रदेश अन्तर्रगतको कार्यविधिसमेत बाझिने छैनन् । यदि बाझिएको हकमा बाझिएका प्रावधानहरू स्वतः खारेज भएको मानिनेछ । यो कार्यविधि लागू हुन भन्दा अगाडि पोषणमैत्री स्थानीय शासनका लागि भए गरेका सम्पूर्ण कार्यहरू यसै कार्यविधि अनुसार भएको मानिनेछ ।

#### ६.२.४ पुरस्कार तथा सम्मान :

घोषणा कार्यमा सहयोग, सहजीकरण गर्ने बिभिन्न व्यक्ति, कार्यालय, निकाय र सङ्घ संस्थाहरूलाई सम्मान गर्न सकिनेछ ।यसका साथै यस कार्यविधि अनुसार वार्ड घोषणमा पहिलो घोषणा गर्ने वाडलाई पुरस्कार

प्रदान गरिनेछ ।त्यसै गरी दोस्रो, तेस्रो, चौथो, पाचौं, छैठौ हुने वाडलाई कमशः मूल्याङ्कनका आधारमा पुरस्कार प्रदान गरिनेछ ।

### ६.२.४ अनुसूचीहरुको प्रयोग :

कार्यविधिको कार्यान्वयन गरी वडा तथा स्थानीय तह घोषणा गर्न यस कार्यविधि अन्तरगतका अनुसूची १ देखि ९ सम्मको प्रयोग गर्नुपर्नेछ ।

## ७ . अनुसूचीहरू :

### अनुसूची १

(दफा ७,८ र १५ संग सम्बन्धित)

पोषणमैत्री स्थानीय शासन अर्न्तगत पोषणमैत्री स्थानीय तह र वार्ड घोषणाको लागि तयार गरिएको क्षेत्रगत सूचकहरू र न्यूनतम लक्ष्य

**कनकासुन्दरी गाउँपालिका, विराट सिजा, जुम्ला ।**

**बहुक्षेत्रीय पोषण योजना**

**पोषणमैत्री स्थानीय शासनको लागि तयार गरिएको सूचकहरु र न्युनतम लक्ष्य**

| क्र.स. | सूचकहरु | लक्षित जनसंख्या | आधार अवस्था | न्युनतम लक्ष्य | प्रगतिको अवस्था | पुस्टयाईका आधारहरु तथा सूचनाका स्रोत |
|---|---|---|---|---|---|---|
| १ | **बिषयगत क्षेत्र : स्वास्थ्य** | | | | | |
| १.१ | गर्भवती महिलाले टिडि खोप पाएको प्रतिशत | | | ९० | | |
| १.२ | सुत्केरी तथा गर्भावस्थामा थप खाना खाने गरेको प्रतिशत | | | ८० | | |
| १.३ | पोसिलो पिठो बितरण गरेको गर्भवति महिलाहरुको प्रतिशत | | | ९० | | |
| १.४ | पोसिलो पिठो बितरण गरेको सुत्केरी महिलाहरुको प्रतिशत | | | ९० | | |
| १.५ | पोसिलो पिठो बितरण गरेको ६ देखि २४ महिनाका बालबालिकाको प्रतिशत | | | ९० | | |
| १.६ | आयोडिनयुक्त नुन खाने घरधुरी प्रतिशत | | | ९० | | |
| १.७ | स्वास्थ्य आमा समुहहरुको बैठकमा नियमित सहभागिता हुने सुनौला हजार दिनका आमाहरुको प्रतिशत | | | ८० | | |
| २ | **बिषयगत क्षेत्र : शिक्षा** | | | | | |
| २.१ | माध्यमिक तहको विद्यालयमा वालविवाह, छाउपडी प्रथा विरुद्दको अभियान, सडकनाटक, वादविवाद,हाजिरीजवाफ जस्ता पोषण संबेदनशिल अतिरिक्त क्रियाकलापहरु संचालन | | | भएको | | |

| क्र.स. | सूचकहरु | लक्षित जनसंख्या | आधार अवस्था | न्युनतम लक्ष्य | प्रगतिको अवस्था | पुस्टयाईका आधारहरु तथा सूचनाका स्रोत |
|---|---|---|---|---|---|---|
| २.२ | प्रारम्भिक वालविकास संचालन भएका आधारभुत तहका बिद्यालयको प्रतिशत | | | ५० | | |
| २.३ | पोषण सम्बन्धी प्रदर्शनी स्थलको व्यवस्था भएको विध्यालयहरु | | | ५० | | |
| २.४ | जंक फुड निषेधित भएको विद्यालय प्रतिशत | | | ८० | | |
| २.५ | विद्यालय व्यवस्थापन समिति, अभिभावक शिक्षक संघको बैठकमा पोषण सम्बन्धी विषयवस्तु छलफल भई निर्णय भए नभएको | | | भएको हुनुपर्ने | | |
| **३** | **बिषयगत क्षेत्रः महिला तथा बालबालिका** | | | | | |
| ३.१ | महिला सहकारी वा समुहमा आवद्ध सुनौला हजार दिनका महिलाहरुको प्रतिशत | | | ७५ | | |
| ३.२ | धामी झाक्री र पुजारीहरुलाई सामाजीक कुरीती र छाउपडी प्रथाका बारेमा सचेतिकरण भएको नभएको | | | भएको | | |
| **४.** | **बिषयगत क्षेत्र : खानेपानी तथा सरसफाई** | | | | | |
| ४.१ | सामुदायिक खानेपानीको गुणस्तर परिक्षण भएको | | | भएको हुनुपर्ने | | |
| ४.२ | wash corner स्थापना गरिएका विद्यालय तथा स्वास्थ्य संस्थाको प्रतिशत | | | ८० | | |
| ४.३ | फोहोर पानी पुनप्रयोग गरी जुठल्नो सुधार भएको सुनौला हजार दिनका घरपरिवारको प्रतिशत | | | ७० | | |
| ४.४ | धुवाँ रहित चुलो तथा भान्साको व्यबस्थापन(ग्याँस, झ्याल भएको) | | | ६० | | |
| ४.५ | फोहर फाल्ने खाल्डो भएका घरधुरीको प्रतिशत | | | ९० | | |
| ४.६ | भाडा सुकाउने च्याङ, र मोरी (हात धुने स्थान) भएका घरधुरीको प्रतिशत | | | ८० | | |
| **५.** | **बिषयगत क्षेत्र : कृषि बिकास** | | | | | |
| ५.१ | करेसाबारी स्थापना सम्बन्धी तालिम लिएको सुनौला हजार दिनका घरपरिवार प्रतिशत | | | ९० | | |
| ५.२ | करेसाबारी स्थापना भएको सुनौला हजार दिनका घरपरिवार संख्या प्रतिशत | | | ९० | | |
| **६.** | **बिषयगत क्षेत्र : पशु सेवा** | | | | | |
| ६.१ | व्यवस्थित पशुपंक्षी पालन सम्बन्धी अभिमुखिरकण वा तालिम लिएको सुनौला हजार दिनका घरपरिवार प्रतिशत | | | ८० | | |

| क्र.स. | सूचकहरु | लक्षित जनसंख्या | आधार अवस्था | न्युनतम लक्ष्य | प्रगतिको अवस्था | पुस्टयाईका आधारहरु तथा सूचनाका स्रोत |
|---|---|---|---|---|---|---|
| **७.** | **बिषयगत क्षेत्र : स्थानीय निकाय तथा सुशासन** | | | | | |
| ७.१ | पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति गठन (स्थानीय तह) | | | भएको हुनुपर्ने | | |
| ७.२ | पोषण तथा खाद्य सुरक्षा सहजिकरण समिति गठन (वडा तह) | | | भएको हुनुपर्ने | | |
| ७.३ | स्थानीय तहमा पोषण तथा खाद्य सुरक्षासम्बन्धी कार्यक्रमहरूको योजना तथा कार्यान्वयनको संयोजन गर्न कार्यपालिका सदस्यलाई संयोजक तोके नतोकेको | | | भएको हुनुपर्ने | | |
| ७.४ | विषयगत शाखाहरुबाट पोषण तथा खाद्य सुरक्षासम्बन्धी कार्यक्रमहरूको सम्पर्क व्यक्ति तोकिएको नतोकिएको | | | भएको हुनुपर्ने | | |
| ७.५ | स्थानीय तहको पोषण तथा खाद्य सुरक्षा नीति तर्जुमा भए नभएको | | | भएको हुनुपर्ने | | |
| ७.६ | स्थानीय तहको पोषण पार्श्वचित्र तयार भए नभएको | | | भएको हुनुपर्ने | | |
| ७.७ | पोपण सम्बन्धी सूचना स्थानीय रेडियो तथा होर्डिङबोर्डमार्फत सम्प्रेषण भए नभएको | | | भएको हुनुपर्ने | | |
| ७.८ | पालिकाबाट नियमित अनुगमन भए नभएको | | | भएको हुनुपर्ने | | |

| क्र.स. | सूचक नं. | सूचक | अवस्था | पुष्ट्याइँका आधार |
|---|---|---|---|---|
| **स्वास्थ्य** | | | | |
| १ | ११. | पोषणमैत्री स्वास्थ्य संस्थाको प्रतिशत | १००% | पोषणमैत्री स्वास्थ्य संस्था कार्यान्वयन निर्देशिका ,२०७९ बमोजिम सूचक पुरा भएको ,एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली )IHMIS) एवं स्थानीय तहको प्रतिवेदन |
| **शिक्षा** | | | | |
| २ | २१. | चार वर्ष उमेर पुगेका बालबालिका मध्ये प्रारम्भिक बालविकास कक्षामा भर्ना भएका बालबालिकाको प्रतिशत | १००% | शिक्षा शाखाको प्रतिवेदन |
| ३ | २२. | प्रारम्भिक बालविकास केन्द्रमा भएका सहजकर्ताहरु मध्ये पोषण सम्बन्धी अभिमुखीकरण /तालिम प्राप्त गरेका सहजकर्ताहरुको प्रतिशत | १००% | शिक्षा शाखाको प्रतिवेदन |
| ४ | २३. | आधारभूत शिक्षा १) देखि कक्षा ८ सम्म (पुरा गर्ने बालबालिकाको प्रतिशत | १००% | शिक्षा शाखाको प्रतिवेदन |
| ५ | २४. | स्थानीय तहले बनाएको स्थानीय पाठ्यक्रममा पोषण तथा बाल अधिकार सम्बन्धी विषय समावेश | गरेको | शिक्षा शाखाको प्रतिवेदन |
| ६ | २५. | विद्यालय दिवा खाजामा स्थानीय स्तरमा उपलब्ध पोषणयुक्त खाद्यवस्तुको प्रयोग गर्ने विद्यालयको प्रतिशत | ≥९०% | शिक्षा शाखाको प्रतिवेदन |
| ७ | २६. | विद्यालय व्यवस्थापन समिति, अभिभावक-शिक्षक-विद्यार्थी लगायत सरोकारवालको सहभागितामा पोषण दिवस /सप्ताह मनाउने विद्यालयको प्रतिशत | ≥९०% | शिक्षा शाखाको प्रतिवेदन |
| **महिला तथा बालबालिका** | | | | |
| ८ | ३१. | न्यायिक समिति, प्रहरी, एकद्वार संकट व्यवस्थापन केन्द्रमा दर्ता भएका लैङ्गिक हिंसाका घटनामध्ये फछ्यौट भएका घटनाको प्रतिशत | ≤८०% | प्रहरी र एकद्वार संकट व्यवस्थापन केन्द्रको प्रतिवेदन, न्यायिक समितिको प्रतिवेदन |
| ९ | ३२. | महिनाबारी हुँदा स्वास्थ्य र सूरक्षाको दृष्टिकोणले जोखिमयुक्त स्थानमा राख्ने घरधुरीको प्रतिशत | ० | स्थानीय तहको प्रतिवेदन |
| १० | ३३. | २० वर्ष उमेर नपुग्दै बच्चा जन्माउने महिलाको संख्या | ० | स्वास्थ्य संस्थाको प्रतिवेदन ,वडा समितिको प्रतिवेदन |
| ११ | ३४. | सुनौला हजार दिनका घरपरिवारका सासू /बुहारी वा श्रीमान /श्रीमती बीच पोषण सम्बन्धी अनुशिक्षण भएका वडाको प्रतिशत | १००% | स्थानीय तहको वार्षिक प्रतिवेदन |
| १२ | ३५. | वडामा गठन भएका युवा / बालसञ्जालका सदस्यलाई पोषण सम्बन्धी अभिमुखीकरण गरिएका वडाको प्रतिशत | ≤९०% | स्थानीय तहको प्रतिवेदन |
| **खानेपानी तथा सरसफाई** | | | | |
| १३ | ४१. | आधारभूत खानेपानी सेवा उपलब्ध भएका घरधुरीको प्रतिशत | १००% | NWASHS स्थानीय तहको वार्षिक प्रतिवेदन |
| १४ | ४२. | आधारभूत सरसफाई सेवा उपलब्ध भएका घरधुरीको प्रतिशत | १००% | NWASHS स्थानीय तहको वार्षिक प्रतिवेदन |

| | | | | |
|---|---|---|---|---|
| १५ | ४३. | शौचालय गएपछि, बालबालिकाको दिशा धोएपछि, खाना खानु अघि, बालबालिकाकालाई दूध खुवाउनु अघि, फोहोर चलाएपछि साबुनपानीले हातधुने परिपाटीको विकास भएको घरधुरीको प्रतिशत | १००% | स्थानीय तहको वार्षिक प्रतिवेदन |
| १६ | ४४. | आधारभूत खानेपानी सेवा उपलब्ध भएका संस्थाको प्रतिशत | १००% | NWASHS स्थानीय तहको वार्षिक प्रतिवेदन |
| १७ | ४५. | आधारभूत सरसफाई सेवा उपलब्ध भएका संस्थाको प्रतिशत | १००% | NWASHS स्थानीय तहको वार्षिक प्रतिवेदन |
| **कृषि विकास** | | | | |
| १८ | ५१. | करेसाबारी भएका घरधुरी मध्ये सागसब्जी, तरकारी तथा फलफूल उत्पादन गरेका घरपरिवारको प्रतिशत | ≤८०% | नमूना घर परिवार सर्वेक्षण प्रतिवेदन र बजार अनुगमन प्रतिवेदन |
| १९ | ५२. | अन्न, सागसब्जी, गेडागुडी, फलफुल लगायतका खानाको नियमित उपभोग गर्ने घरधुरीको प्रतिशत | ≤८०% | नमूना घर परिवार सर्वेक्षण प्रतिवेदन |
| २० | ५३. | स्थानीयस्तरमा पाईने रैथाने बाली प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन | भएको | कृषि विकास शाखाको प्रतिवेदन |
| २१ | ५४. | खाद्य स्वच्छता र गुणस्तर परिक्षण (Food hygiene and quality testing) को बजार अनुगमन भएको पटक )वार्षिक( | ≥३ | अनुगमन प्रतिवेदन |
| **पशुपन्छी विकास** | | | | |
| २२ | ६१. | व्यवस्थित पशुपंक्षी पालन गरी उपभोग गर्ने कृषक घरपरिवारको प्रतिशत | ≥८०% | पशुविकास शाखाको प्रतिवेदन |
| २३ | ६२. | दूध जन्य पदार्थहरु दूध), दही, घिउ ,पनीर, चीज(, अण्डा तथा मासुजन्य माछा) /मासुनियमित उपभोग गर्ने घरपरिवार (को प्रतिशत | ≤८०% | नमूना घर परिवार सर्वेक्षण प्रतिवेदनपशुविकास शाखाको , प्रतिवेदन |
| २४ | ६३. | पशुजन्य खाद्यवस्तु प्रतिव्यक्ति)वार्षिक दूध ९१ लि., मासु १४ केजी., अण्डा १५० वटा (उपलब्धता भएको परिवारको प्रतिशत | ≥९०% | नमूना घर परिवार सर्वेक्षण प्रतिवेदनपशुविकास शाखाको , प्रतिवेदन |
| **शासकीय प्रबन्ध** | | | | |
| २५ | ७१. | गाउँ /नगरपालिका स्तरीय पोषण तथा खाद्य सूरक्षा निर्देशक समितिको बैठकको संख्या | ≥२ | बैठकको निर्णय पुस्तिका |
| २६ | ७२. | वडास्तरीय पोषण तथा खाद्य सूरक्षा सहजीकरण समितिको बैठकको संख्या | ≤२ | बैठकको निर्णय पुस्तिका |
| २७ | ७३. | स्थानीय तहको आवधिक योजना तथा वार्षिक कार्यक्रममा बहुक्षेत्रीय पोषण योजना अनुसारका कार्यक्रम समावेश | भएको | वार्षिक बजेट तथा कार्यक्रम |
| २८ | ७४. | गाउँ /नगरपालिकाले अनुदान तथा आन्तरिक आयबाट पोषण कार्यक्रमका लागि बजेट विनियोजन | गरेको | वार्षिक बजेट तथा कार्यक्रम |
| २९ | ७५. | पोषण सम्बन्धी कार्यक्रमको समन्वय र सहजीकरण गर्न बहुक्षेत्रीय पोषण योजनाले गरेको व्यवस्था बमोजिमको सचिवालयको क्रियाशीलता | रहेको | स्थानीय तहको प्रतिवेदन |

| | | | | |
|---|---|---|---|---|
| ३० | ७६. | स्थानीय तहको पोषण पार्श्वचित्र तयार गरी नियमित अद्यावधिक | गरेको | अध्यावधिक पार्श्वचित्र |
| ३१ | ७७. | स्थानीय तहमा पोषण कर्नरको स्थापना | भएको | पोषण कर्नर स्थापना भएको |
| ३२ | ७८. | गाउँ /नगर कार्यापालिकामा छुट्टै स्तनपान कक्षको व्यवस्था | भएको | पोषण तथा खाद्य सूरक्षा निर्देशक समितिको अनुगमन प्रतिवेदन |
| ३३ | ७९. | स्थानीय विपद् व्यवस्थापन योजनामा विपद पूर्व र विपद पश्चात गरिने पोषण केन्द्रित पूर्व तयारीको योजना समावेश | भएको | विपद् व्यवस्थापन योजना |
| ३४ | ७१०. | बाल पोषण भत्ता वितरणको समयमा बालपोषणको महत्व र उच्चतम सदुपयोग सम्बन्धी सचेतना /अभिमुखीकरण पाउने अभिभावकको प्रतिशत | ≤९०% | अभिमुखिकरण प्रतिवेदन |

## **अनुसूची २ :** (दफा ७,८ र १५ संग सम्बन्धित)

संघीय कार्यविधि २०८० अनुसारका सूचकहरु

## **पोषणमैत्री स्थानीय शासन मूल्याङ्कनका सूचकहरू**

अनुसूची ३

(स्वास्थ्य मन्त्रालयको पोषणमैत्री स्वास्थ्य संस्था कार्यान्वयन निर्देशिका, २०७९ को दफा ९.१ सँग सम्बन्धित)

पोषणमैत्री स्वास्थ्य संस्थाका सूचकहरू

| **सूचक नं.** | **सूचक** | **अवस्था** | **अंक** |
|---|---|---|---|
| १ | गर्भवती महिलाले कम्तिमा ८ पटक पूर्व प्रसूति जाँच गरेको प्रतिशत | >९० | १ |
| | | ८०९०- | ०५. |
| | | <८० | ० |
| २ | गर्भवती महिलाले कम्तिमा ३ पटक उत्तर प्रसूति जाँच गरेको प्रतिशत | >९० | १ |
| | | ८०९०- | ०५. |
| | | <८० | ० |
| ३ | गर्भवती महिलाले गर्भ अवधिभर १८० चक्कि आइरन फोलिक एसिड चक्कि खाएको प्रतिशत | >९० | १ |
| | | ८०९०- | ०५. |
| | | <८० | ० |
| ४ | स्वास्थ्य संस्थामा सुत्केरी गराएका महिलाहरुको प्रतिशत | >९० | १ |
| | | ८०९०- | ०५. |
| | | <८० | ० |
| ५ | स्वास्थ्य संस्थामा जन्म भएका बालबालिका मध्ये जन्मेको १ घण्टाभित्र स्तनपान सुरुवात गर्ने शिशुको प्रतिशत | >९० | १ |
| | | ८०९०- | ०५. |
| | | <८० | ० |
| ६ | ६ देखि ५९ महिनाका बालकालिकाले वर्षमा दुई पटक भिटामिन ए क्याप्सुल पाएको प्रतिशत | >९० | १ |
| | | ८०९०- | ०५. |
| | | <८० | ० |
| ७ | १२ देखि ५९ महिनाका बालकालिकाहरुले वर्षमा दुई पटक जुकाको औषधी पाएको प्रतिशत | >९० | १ |

| | | | |
|---|---|---|---|
| | | ८०९०- | ०५. |
| | | <८० | ० |
| ८ | २४ महिनासम्मका बालकालिकाले नियमित वृद्धि अनुगमन गरेको औसत पटक | >१८ | १ |
| | | १५१८- | ०५. |
| | | <१८ | ० |
| ९ | वृद्धि अनुगमनका लागि दर्ता भएका बालबालिका मध्ये जन्मे देखि ६ महिनासम्म पूर्ण स्तनपान गराएको प्रतिशत | >९० | १ |
| | | ८०९०- | ०५. |
| | | <८० | ० |
| १० | वृद्धि अनुगमनका लागि दर्ता भएका बालबालिका मध्ये ६ महिनापश्चात स्तनपानका साथै समयमै थप खानाको सुरुवात गरेको प्रतिशत | >९० | १ |
| | | ८०९०- | ०५. |
| | | <८० | ० |
| ११ | वृद्धि अनुगमनका लागि दर्ता भएका बालबालिका मध्ये कम तौल भएका बालबालिकाको प्रतिशत | <५ | १ |
| | | ५१०- | ०५. |
| | | >१० | ० |
| १२ | कम तौलका शिशुको जन्म प्रतिशत | <५ | १ |
| | | ५१०- | ०५. |
| | | >१० | ० |
| १३ | पूर्ण खोपयुक्त स्वास्थ्य संस्था भएको | भएको | १ |
| | | नभएको | ० |
| १४ | पूर्ण मात्रामा (१८० स्याचेट)बालभिटा पाएका बालबालिकाको प्रतिशत | >९० | १ |
| | | ८०९०- | ०५. |
| | | <८० | ० |
| १५ | बालबालिकालाई झाडा पखाला लागेको बेला जिंक चक्की र पुर्नजलिय झोल खुवाउने गरेको प्रतिशत | >९० | १ |
| | | ८०९०- | ०५. |
| | | <८० | ० |
| १६ | २६ हप्तासम्म आईरन फोलिक एसिड चक्की पाएका किशोरीको प्रतिशत | >९० | १ |
| | | ८०९०- | ०५. |
| | | <८० | ० |

**वर्गिकरण**

| **जम्मा प्रासाङ्क** | **अवस्था** |
|---|---|
| १५ देखि १६ | पोषणमैत्री घोषणाका लागि योग्य |
| १३ देखि १४ | पोषणमैत्री उन्मुख स्वास्थ्य संस्था |
| १२ वा सोभन्दा कम | पोषणमैत्री उन्मुख नभएको |

अनुसूची ३

(दफा ८ र ११(बाह्रौ) संग सम्बन्धित)

**पोषण मैत्री स्थानीय शासनका सुचक बिश्लेषण तरिका**

**कनकासुन्दरी गाउँपालिकाको कार्यालय, जुम्ला**

**पोषण मैत्री स्थानीय शासनका सुचक बिश्लेषणतरिका (निकाल्ने)**

गाउँपालिकाको नामः वाड नं.

मितिः

| क्र.स. | विषय तथा क्षेत्रगत सुचकहरु | रेखा मुनीको अंक | रेखा माथिको अंक | नतिजा प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|
| क. | ख. | ग. | घ. | ङ. | |
| १. | बाल बिबाहको संख्यामा कमी आएको | गएको दुई (२) बर्षमा बिबाह हुने महिला पुरुषको संख्या | बिबाह गर्दा २० बर्ष भन्दा कम उमेर हुने महिला पुरुषको संख्या | घ/ग*१०० | |
| २. | उदाहरणः सुचना लिएको दिन सम्म बिबाह गर्नेको संख्या (महिला पुरुष जोडेर) १०० रहेछ । यस मध्ये बिबाह गर्दा २० बर्ष भन्दा कम उमेर हुनेको संख्या (महिला पुरुष जोडेर) २० रहेकछ । | १०० | २० | २० | जस्तोः २० भाग १०० गुणान १०० बराबर २० प्रतिशत |
| | | | | यस्तै तरिकाले सबै सुचकको अबस्था पत्ता लगाउन सकिन्छ । | |

अनुसूची ४
(दफा ८ र ११(बाह्रौ) संग सम्बन्धित)

**पोषण मैत्री स्थानीय शासनका सुचक प्राप्तीको अवस्था बिवरण**

**कनकासुन्दरी गाउँपालिकाको कार्यालय**

| **पोषण मैत्री स्थानीय शासनका सुचक प्राप्तीको अवस्था बिवरण** | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.स. | बिवरण तथा क्षेत्रगत सुचकहरू | आधार अवस्था (Baseline) | हालको अवस्था | लक्ष्य | सुचनाको स्रोत | कैफियत |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |

## अनुसूची ५
(दफा १० (बुदा ३) संग सम्बन्धित)
**पोषण मैत्री स्थानीय शासन घोषणामा रहेको वाड  र पालिकाको संक्षिप्त कार्य योजना**

**कनकासुन्दरी गाउँपालिकाको कार्यालय**
**पोषण मैत्री स्थानीय शासन घोषणामा रहेको वाड र पालिकाको संक्षिप्त कार्य योजना**

**गाँउ तथा गाउँपालिकाको नामः**
**वाड नं.**
पालिका तथा वार्डलाई कहिले सम्म घोषणा गर्ने लक्ष्य लिईएको छ ?.....................................

| घोषणा गर्नको लागि गर्नुपर्ने मुख्य मुख्य कार्यहरू के के छन ? (अब के गर्ने, कुन सुचक वा नतिजा पुरा गर्न बाकि छ? ) | | | | | जिम्मेवारी तथा सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| आगामी १ महिना भित्र सम्पन्न गर्न सकिने कार्यहरु | आगामी २ महिना भित्र भित्र सम्पन्न गर्न सकिने कार्यहरु | आगामी ३ भित्र सम्पन्न गर्न सकिने कार्यहरु | चालु आव को अन्त्यसम्म सम्पन्न गर्न सकिने कार्यहरु | अर्को आ व मा मात्र सम्पन्न गर्न सकिने कार्यहरु | | |
| १ | १ | १ | १ | १ | | |
| २ | २ | २ | २ | २ | | |
| ३ | ३ | ३ | ३ | ३ | | |
| ४ | ४ | ४ | ४ | ४ | | |

अनुसूची ६

(दफा १५ संग सम्बन्धित)

**पोषण मैत्री स्थानीय शासन कार्यान्वयन संयुक्त अनुगमन फारम**

**कनकासुन्दरी गाउँपालिकाको कार्यालय**

**पोषण मैत्री स्थानीय शासन कार्यान्वयन संयुक्त अनुगमन फारम**

अनगमन गरिएको गाउँ तथा गाउँपालिकाको: वाड नं.

मितिः

| क्र.स. | बिवरण तथा क्षेत्रगत सुचकहरू | न्यूनतम लक्ष्य पुरा भएको | | सिफारिस तथा सुझाव | सुचनाको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | छ | छैन | | | |
| क्षेत्रः | | | | | | |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |

सम्पादित उल्लेखनीय कार्यहरुः

राम्रा तथा उदाहरणीय सफलताहरू

अनुगमन कर्ताको राय तथा मन्तव्य

अनुगमन कर्ताको बिवरण :

| क्र.सं. | नाम थर | पद | कार्यालय | दस्तखत | मिति |
|---|---|---|---|---|---|
| | | | | | |

अनुसूची ७

(दफा १२ (२) संग सम्बन्धित)

## पोषण मैत्री आचार संहिता

## कनकासुन्दरी गाउँपालिकाको कार्यालय
## पोषण मैत्री आचार संहिता

**गाउँपालिकाको नामः**

| गाउँपालिका, वडा कार्यालय र बिषयगत शाखाहरुको पोषणमैत्री आचार संहिता | शैक्षिक संस्थाको पोषणमैत्री आचार संहिता | परिवार र समुदायको पोषणमैत्री आचार संहिता | बालबालिकाको पोषणमैत्री आचार संहिता | कैफियत |
|---|---|---|---|---|
| १ | १ | १ | १ | |
| २ | २ | २ | २ | |
| ३ | ३ | ३ | ३ | |
| ४ | ४ | ४ | ४ | |

## अनुसूची ८

## पोषणमैत्री स्थानीय शासनको बारेमा जानकारी

### १ . पोषणमैत्री स्थानीय शासन भनेको के हो ।

- मानव पूजीको विकासका साथै समग्र सामाजिक एवं आर्थिक विकासमा कुपोषण अवरोधको रूपमा नरहने सुनिश्चित गर्नको लागि दीर्घ कुपोषणलाई उल्लेखनीय रूपमा न्यूनिकरण गर्ने तर्फ मुलुकलाई अग्रसर गराउने सोचका साथ विद्यमान सङ्घीय संरचना बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहहरूका नीति, संरचना, प्रणाली, कार्यप्रक्रिया र व्यवहारमा संस्थागत गर्ने शासकीय पद्धति।
- यस पद्धतिले स्थानीय तहलाई मातृ, शिशु तथा बाल्यकालीन पोषणको स्थितिमा सुधार ल्याउन योजना तर्जुमा गर्ने, बजेट बिनियोजन गर्ने, सभाबाट योजना तथा बजेट स्वीकृत गर्ने, स्वीकृत योजनाको कार्यान्वयन गर्ने, अनुगमन गर्ने, सार्बजनिक सुनाई, प्रचार प्रसार गर्ने कुरामा जोड दिन्छ।
- सामाजिक, आर्थिक तथा मानव विकासमा प्रतिकूल प्रभाव पार्ने कुपोषणलाई न्यूनीकरण गर्न बहुक्षेत्रीय पोषण योजनालाई स्थानीय तहहरूबाट प्राथमिकताका साथ कार्यान्वयन गरिनु पर्छ भन्ने सवाललाई कार्यप्रक्रिया र व्यवहारमा लागू गर्ने प्रक्रिया तथा पद्धति नै पोषण मैत्री स्थानीय शासन हो ।

### २ . पोषणमैत्री स्थानीय शासनको लक्ष्य

पोषण मैत्री स्थानीय शासनको प्रवर्द्धन मार्फत पोषण विशेष, पोषण संवेदनशील र समर्थ बनाउने वातावरणसम्बन्धी कार्यक्रमहरूको विस्तार गरी पोषण सेवाको उपलब्धता र गुणस्तरमा उल्लेखनीय सुधार गरी महिला, किशोरी तथा बालबालिकाको पोषणको अवस्थामा सुधार ल्याउन र पोषण सेवाको सुनिश्चितता र दिगोपना कायम गर्नु नै पोषण मैत्री स्थानीय शासनको लक्ष्य रहेको छ ।

### ३ . पोषणमैत्री स्थानीय शासनको उद्देश्य

- स्थानीय तहका सबै क्षेत्र र निकायहरूको नीति, संरचना, प्रणाली र कार्य सञ्चालन प्रक्रियामा पोषणका सवालहरूको मूल प्रबलीकरण गर्ने ।
- पोषण संवेदनशील सेवाहरूको पँहुच र उपभोग बढाई स्वस्थ बानीव्यवहारमा सुधार ल्याउने।
- पोषण तथा खाद्य सुरक्षासम्बन्धी कार्यक्रमहरू एकीकृत रूपमा कार्यान्वयन गरी महिला, बालबालिका तथा किशोरीहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार ल्याउने ।
- पोषणका सवालहरूलाई स्थानीय तहको शासन पद्धतिसँग आबद्ध गरी पोषणका सम्बन्धमा भएका स्थानीय, राष्टिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरूलाई व्यवहारमा उतार्ने ।
- तोकिएको समय भित्र स्थानीय तहलाई पोषण मैत्री स्थानीय शासन अवलम्बन गरेको स्थानीय तहको रुपमा घोषणा गर्ने ।
- स्थानीय तहमा कुपोषणको समस्यालाई निराकरण गर्ने र नियमित अभियान सञ्चालन गर्ने ।

## ४ .पोषणमैत्री स्थानीय शासन किन ।

नेपालमा मातृ, शिशु तथा बाल्यकालीन पोषणको स्थितिमा सुधार ल्याउन नेपाल सरकार, संयुक्त राष्ट्र सङ्घीय निकायहरू, विकास साझेदारहरू, निजी क्षेत्र र नागरिक समाजका प्रतिनिधिहरूबाट २०६९ साल असोज ४ गते प्रतिवद्धता सहितको घोषणा पत्रमा हस्ताक्षर गर्दै बहुक्षेत्रीय पोषण योजना आ . .ब२०७५/७६ देखि २०८७/८८ सम्म पहिलो, दोस्रो र तेस्रो योजनाको रूपमा कार्यान्वयन भइरहेको छ । नेपालले दिगो विकास लक्ष्य अनुरूप सन् २०३० सम्ममा कुपोषणलाई अन्त्य गर्ने अन्तराष्ट्रिय प्रतिवद्धता व्यक्त गरेको छ । यसका साथै विश्व स्वास्थ्य सभाले निर्धारण गरेको लक्ष्य अनुसार नेपालले सन् २०२५ को अन्त्यमा कुपोषणको दर २४ प्रतिशत पुर्याउने र नेपालले क्षेत्रीय तथा अन्तराष्ट्रिय जगतमा व्यक्त गरेका प्रतिबद्धताहरूलाई पूर्णता दिने थप प्रयास आवश्यक छ । सामाजिक, आर्थिक तथा मानव विकासमा प्रतिकूल प्रभाव पार्ने कुपोषणलाई न्यूनीकरण गर्न बहुक्षेत्रीय पोषण योजनालाई विद्यमान सङ्घीय संरचना बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहहरूबाट प्राथमिकताका साथ कार्यान्वयनले मात्र स्थानीय तहमा समग्र विकासको प्रतिफल निर्धारण गर्ने हुनाले स्थानीय तहको नेतृत्व मार्फत पोषणमैत्री स्थानीय शासनको कार्यान्वयनमा जोड दिइएको छ । पोषणका सवालहरूलाई स्थानीय तहको शासन पद्धतिसँग आबद्ध गरी पोषणका सम्बन्धमा भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरूलाई व्यवहारमा उत्तान पोषणमैत्री स्थानीय शासनले सहयोग पुऱ्याउने छ र पोषण तथा खाद्य सुरक्षाका सवाललाई मूलप्रवाहिकरणमा गर्न पोषणमैत्री स्थानीय शासनको कार्यान्वयन आवश्यक छ ।

## अनुसूची ९: पोषण सम्बन्धी पोखरा प्रतिबद्धता २०७३

# पोषण सम्बन्धी पोखरा प्रतिवद्धता २०७३

२०७३ पौष २८ र २९ गते पोखरामा आयोजना गरिएको राष्ट्रिय पोषण गोष्ठीमा उपस्थित स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभागका सम्बद्ध पदाधिकारीहरु, ५ वटै क्षेत्रीय स्वास्थ्य निर्देशनालयका निर्देशकहरु, ७५ वटै जिल्लाका स्वास्थ्य/जनस्वास्थ्य कार्यालयका प्रमुख तथा पोषण सम्पर्क व्यक्तिहरु, संयूक्त राष्ट्र संघीय निकाय एवम् विकास साझेदार संस्था तथा नागरिक समाजका प्रतिनिधिहरुले सामूहिक रुपमा हामी गुणस्तरिय पोषण सेवालाई स्थानीय तहसम्म सर्वव्यापि पहुँचमा पुऱ्याउदै दिगो विकासका लक्ष्यहरु हासिल गर्न प्रतिवद्ध छौ ।

नेपाली जनता विशेषत: मातृ, शिशु तथा बाल्यकालीन पोषण स्थितिमा सुधार ल्याउन २००४ मा राष्ट्रिय पोषण नीति तथा रणनीति कार्यान्वयनमा आए सँगै नेपाल सरकारबाट स्विकृत बहुक्षेत्रीय पोषण योजना २०६९-२०७३, राष्ट्रिय स्वास्थ्य नीति २०७१, नेपाल स्वास्थ्य क्षेत्र रणनीति २०७२-२०७७ तथा Scaling Up Nutrition, World Health Assembly 2012 लगायतका अन्तराष्ट्रिय प्रतिबद्धताहरु कार्यान्वयनमा रहेका छन् । सोही बहुक्षेत्रीय प्रतिवद्धतालाई मनन् गर्दै राष्ट्रिय योजना आयोगको नेतृत्वमा स्वास्थ्यसँग सम्बन्धित पोषण योजनाहरुलाई स्वास्थ्य मन्त्रालयले आफ्ना कार्यक्रमहरु बिभिन्न तहगत संरचना मार्फत सकृयतापूर्वक कार्यान्वयन गरिरहेको सन्दर्भमा ती कार्यक्रमहरुलाई क्रमबद्ध रुपमा अघि बढाउन र बिभिन्न तहमा पोषणका सन्दर्भमा साझा बुझाई कायम गरी दिगो विकास लक्ष्य सहित अन्य घोषित लक्ष्यमा पुग्नका लागि आधार तय गर्न निम्न अनुसारका प्रतिवद्धता जाहेर गर्दछौं ।

१. राष्ट्रिय पोषण गोष्ठी, पोखराको मूल मन्त्र *"स्वस्थ सुखी र समृद्ध परिवार हाम्रो सरोकार, प्रभावकारी बहुक्षेत्रीय पोषण सेवा जनताको अधिकार"* लाई मुर्त रुप दिन आ-आफ्नो कार्य क्षेत्रबाट प्रतिबद्ध छौ ।

२. राष्ट्रिय योजना आयोगको संयोजन तथा समन्वयमा लागु भइरहेको बहुक्षेत्रीय पोषण योजनालाई अझ प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि स्वास्थ्य मन्त्रालयले पोषण क्षेत्रमा सशक्त प्राविधिक नेतृत्व प्रदान गर्ने ।

३. संघीय संरचनामा मुलुक उन्मुख भइरहेको परिप्रेक्ष्यमा पोषणको महत्वलाई दृष्टिगत गर्दै तत्पश्चात हुने संगठनात्मक ढाँचामा केन्द्र, प्रदेश तथा स्थानीय तहहरुमा पोषणलाई समावेश गरी पोषणको मूल प्रवाहिकरण गर्ने ।

४. यसै आर्थिक बर्ष भित्र नेपालका ७५ जिल्लाहरुमा जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयमा पोषण अधिकृतहरुको व्यवस्था प्रारम्भ गरी साथै हरेक स्वास्थ्य संस्थाहरुमा पोषण सम्पर्क व्यक्ति तोकि पोषणसम्बद्ध कार्यक्रमहरुलाई प्रभावकारी ढंगले लक्षित समुदायसम्म पुऱ्याउने ।

५. बहुक्षेत्रीय पोषण योजनाको दस्तावेजमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तरगत राष्ट्रिय पोषण केन्द्र स्थापना गर्ने प्रावधान रहेको र सो विषयमा तत्कालीन मन्त्रिपरिषदबाट निर्णय समेत भइसकेको सन्दर्भमा मुलुक संघीय ढाँचामा रुपान्तरण भइसकेको हुदा संघीय तहमा नै पोषण सम्बन्धी एउटा सशक्त निकायको स्थापना गर्न तुरुन्तै पहल गर्ने ।

६. बहुक्षेत्रीय पोषण योजनाले निर्दिष्ट गरे अनुसारका स्वास्थ्य सम्बन्धी पोषण सेवाहरुलाई स्थानीय तहसम्म समावेशि र समतामूलक सिद्धान्त अनुरुप विस्तार गर्ने । यसै आर्थिक बर्षबाट कुपोषण र खाद्य असुरक्षाको दृष्टिले अति प्रभावित जिल्लाहरुमा कुपोषण उपचार तथा व्यवस्थापन सहितको एकिकृत पोषण कार्यक्रम सञ्चालन गर्ने ।

७. आगामी आर्थिक बर्ष देखि पोषण सम्बन्धी छुट्टै बजेट कोड स्थापना गरी श्रोतको परिचालन गर्न सम्बन्धित निकायहरुसँग पहल गर्ने ।

८. विकास साझेदारहरुको सहयोग र योगदान प्राप्तिको ढाँचामा एकरुपता ल्याइ राष्ट्रिय पोषण प्रारुप अन्तरगत एकद्वार प्रणाली अपनाइ पोषण क्षेत्रका कार्यक्रमहरुलाई पूर्णता दिन (Complete coverage) सुनिश्चित गर्ने ।

९. क्षेत्र तथा जिल्ला तहमा उपलब्ध साधन तथा श्रोतको समन्वयात्मक रुपमा अधिकतम परिचालन गरी नतिजामूलक उपलब्धी हासिल गर्ने ।

१०. स्थानीय तहमा उपलब्ध श्रोत र साधनलाई उच्चतम सदुपयोग गर्ने गरी पूर्ण पोषणयूक्त घर, गाउ, जिल्ला अभियान सञ्चालन गर्नको लागि यसै आर्थिक बर्ष भित्र कार्यविधि तयार पारी अभियान घोषणा गर्ने ।